केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फयाक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२२/०७५/७६ मिति: २०७५/१२/२७

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकवाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को इ.प्रा. निर्देशन नं. ६/०७५ र १९/०७५ मा देहायबमोजिम व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) **इ.प्रा. निर्देशन नं. ६/०७५ को बुँदा नं. १६ को खण्ड (क) मा नयाँ उपखण्ड (६) थप गरिएको।**

(६) खोलौ बैंक खाता अभियान, २०७६ अन्तर्गत खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रति खाता रु. १०० (एक सय) सम्मको खर्च रकम।

(२) **इ.प्रा. निर्देशन नं. १९/०७५ मा नयाँ बुँदा नं. ७ क. थप गरिएको।**

७ क. खोलौ बैंक खाता अभियान, २०७६ अन्तर्गत खोलिने खाताको ग्राहक पहिचान सम्वन्धमा।

खोलौ बैंक खाता अभियान, २०७६ अन्तर्गत सबै नेपालीको बैंक खाता खोल्ने प्रयोजनका लागि बैंक खाता नभएका नेपाली प्राकृतिक व्यक्तिको हकमा ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा देहायबमोजिमको मापदण्ड/प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(अ) यस व्यवस्था बमोजिम खोलिने बैंक खाताका लागि सरलीकृत खाता खोल्ने फाराम प्रयोग गर्नु पर्नेछ। यस व्यवस्था बमोजिम खाता खोल्दा ग्राहकको अन्य बैंक खाता नभएको स्वघोषणा लिनु पर्नेछ।

(आ) ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा नागरिकताको प्रमाणपत्र वा राहदानी वा फोटो सहितको मतदाता परिचयपत्र वा राष्ट्रिय परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा कुनै सरकारी निकायले जारी गरेको फोटो सहितको परिचय पत्र वा सम्वन्धित स्थानीय तहले प्रमाणित गरी उपलब्ध गराएको फोटो सहितको सिफारिसको आधारमा सम्पुष्टि गर्नु पर्नेछ।

(इ) यस व्यवस्था अन्तर्गत खोलिएका खाताको अधिकतम वार्षिक कारोवारको सीमा रु. १ लाखसम्म हुनेछ। रु. १ लाख भन्दा बढीको कारोवार भएको अवस्थामा बुँदा नं. २ बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्नु पर्नेछ।

(ई) यस व्यवस्था बमोजिम खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाले आफ्नो तर्फबाट प्रति खाता रु. १०० (एक सय) जम्मा गर्न सक्नेछन।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५८
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।